**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ७ मितिः २०७७/०७/२०

भाग-२

रघुगंगा गाउँपालिका

## कृषि यान्त्रिकीकरण कार्यक्रम संचालन, कार्यविधि २०७७

# कृषि यान्त्रिकीकरण कार्यक्रम संचालन, कार्यविधि २०७७

**प्रस्तावनाः** कृषि कार्यमा सहजता ल्याउन तथा कृषि उत्पादन लागत घटाई कृषिको व्यवसायीकरणलाई प्रवर्धन गर्न कृषि उपज उत्पादन क्षेत्रमा प्रयोग हुने उन्नत तथा आधुनिक मेसिनरी औजार उपकरण खरिदमा अनुदान उपलब्ध गराउने उद्देश्यले रघुगंगा गाउँपालिका कार्यपालिकाको कार्यालयबाट बार्षिक कार्यक्रम सञ्चालन गर्न रघुगंगा गाउँपालिका ले यो कार्यविधि बनाएको छ।

**प्रारम्भिकः**

**१)नाम र प्रारम्भ**

- कार्यविधिको नामः यस कार्यविधिको नाम कृषि यन्त्रीकरणमा अनुदान सहयोग सम्वन्धी कार्यकम संचालन,कार्यविधि २०७७ रहने छ ।
- यो कार्यविधि रघुगंगा गाउँपालिकाको कार्यपालिका बाट स्वीकृत भएपछि तत्काल लागु हुनेछ।

**२) परिभाषाः**

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) कार्यालयः रघुगंगा गाउँपालिका गाउँकार्यापालिको कार्यालयलाई सम्झनु पर्नेछ ।

ख) शाखा :रघुगंगा गा.पा को कृषिसेवा शाखा लाई सम्झनु पर्नेछ ।

ग ) कार्यविधि : कार्यविधि भन्नाले कृषि यन्त्रीकरणमा अनुदान सहयोग सम्वन्धी कार्यकम संचालन,कार्यविधि २०७७ रहने छ ।

घ ) आवेदक भन्नाले कृषि यन्त्रीकरणमा अनुदान सहयोग लिन आबेदन दिएका कृषकलाई सम्झनु पर्नेछ।

ङ) गाउँपालिकाको कार्यालय भन्नाले रघुगंगा गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ ।

**३)कार्यक्रम संचालनका लागि कृषक छनोटका आधारहरु :**

- बिपन्न कम्जोर आर्थिक स्थिति भएका र समुहमा खेति गर्दै आयका कृषहरुलाई प्राथमिकता दिइने छ।
- अन्य कुनैपनि रोजगार नभयका।
- समूह दर्ता गरेका किसानलाई प्राथमिकता दिइने छ।
- एकल तथा आर्थिक स्थितिमा कमजोर महिला लाई प्राथमिकता दिइनेछ।

- कृषि सहकारी/कृषक समूहमा आउने किसानलाई प्राथमिकता दिइनेछ।

४) कार्यक्रम संचालन :

- यो कार्यक्रम रघुगंगा गाउँपालिकाको कृषि सेवा शाखा बाट संचालन हुने छ।
- छनौट भयको कृषकहरु लाई ५०% अनुदानमा कृषि यान्त्रीकरण वितरण गरिने छ।

५) प्रस्ताव माग गर्ने :

- कृषि यान्त्रिकरण वितरणका लागि सहयोग पुर्याउन अनुदान दिने उदेश्यले यस गाउँपालिका ले १५ दिने म्याद दिई सर्वजनिक सूचना प्रकाशन गर्ने छ।
- अबेदकले अनुसूची १ बमोजिम निबेदन को साथ देहायबमोजिमका कागजात हरु पेस गर्नुपर्दछ।

६) प्राविधिक तथा आर्थिक पक्षः

स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही देहायका कार्यहरुमध्ये कुनै एक वा एक भन्दा वढी मेसिनरी औजार तथा उपकरण खरिदका लागि कुल खरिद लागतको बढीमा ५० प्रतिशतसम्म अनुदान सहयोग अनुदानग्राही (कृषक, कृषक समुह, कृषि सहकारी, फर्म तथा कम्पनी) लाई उपलब्ध गराउन सकिनेछ।

१)मिनी टिलर र पावर टिलर (अधिकतम २० एच.पि. सम्म) र यसका एट्याचमेन्टहरू

२)कुटानी पिसानी मिल

३) पशुपालनमा प्रयोग हुने, च्याफ कटर, सम्बन्धी सामाग्रीहरु आदि।

४) एक अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदानको सीमा अधिकतम रु. २५ ,०००/- सम्म हुनेछ

७) मूल्याङ्कनका आधारहरु

| मूल्याङ्कनका आधारहरु | अंक भार |
|---|---|
| (क) हालसम्म कुनैपनि अनुदान प्राप्त नगरेको | १० |

| | |
|---|---|
| (ख) पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | २० |
| (ग) पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेको । | ० |
| घ ) समुहमा आउने कृषक लाई | २० |
| जम्मा | ५० |

**८) अनुगमन तथा मुल्यांकन समिति -ः**

**गाउँपालिका स्तरीय-ः**

| | |
|---|---|
| गाउँपालिकाको अध्यक्ष | संयोजक |
| प्रमुख प्रसासकिय अधिकृत | सदस्य |
| कृषि सेवा शाखा प्रमुख | सदस्य |

**वडा स्तरीय-ः**

| | |
|---|---|
| वडा अध्यक्ष | संयोजक |
| वडा अदक्ष्यले तोकेको वडा सदस्य | सदस्य |
| सम्वन्धित वडा हेर्ने कृषि प्राविधिक | सदस्य |

## अनुसूची १ः कार्यक्रम माग गर्दा भर्नुपर्ने माग फाराम

क) प्रस्तावको ढाचा

| | |
|---|---|
| आवेदकको सस्थाको नाम | |
| खेति /ब्यबसायक भयको स्थानको नाम | |
| ठेगाना | |
| कृषकको नाम /समूह को नाम / सहकारीको नाम | |
| सम्पर्क नम्बर | |

ख) हालको ब्यबसाय /खेतीको विवरण

| क्रस | ब्यबसायकको /खेतीको नाम | ब्यबसायकको आकार (रोपनी) | बार्षिक उत्पादन (मे.ट ) |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| जम्मा | | | |

ग) अनुदान खरिद गरिने यन्त्र तथा उपकरणको विवरण

| क्रस | मेशिनरी औजार यन्त्र /उपकरणको नाम /संख्या | हर्सपावर(hp) | अनुदानग्राहीले बेहोर्ने रकम रू | कार्यालयले बेहोर्ने रकम रू |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

ङ) लाभान्वित घरधुरी

१) प्रत्यक्षः ..................

२) अप्रत्यक्षः.................

च) खेति कार्यमा प्रयोग हुने यन्त्र उपकरणको हकमा

अ) जग्गाको क्षेत्रफलः ......... रोपनी

आ ) कित्ता नं : ..........

छ) यस भन्दा अघि यन्त्र उपकरण खरिदमा अनुदान प्राप्त गर्नु भयको छ कि छैन?

....................................

यदि अनुदान सोहि बिसयमा प्राप्त गर्नुभएको भए अनुदान प्राप्त गरेको आ.व. र यन्त्र उपकरणको नाम उल्लेख गर्नुहोस्।

.......................................................................................................................

मिति-ः

श्री प्रमुख प्रसासकिय अधिकृत ज्यू,
रघुगंगा गाउँपालिका,
गाउँ कार्यपालिको कार्यालय ,
म्याग्दी मौवाफाट

विषय :कृषि यान्त्रिकरण माग गर्ने सम्बन्धमा

प्रस्तुत विषयमा रघुगंगा गाउँपालिका कृषि सेवा शाखाबाट सूचना प्रकाशित भए अनुसार कृषि यान्त्रिकरणक मागका  लागि अनुदान सहयोगका लागि आवेदन पेश गरेको छु ।सोहि अनुसार सहभागी गरिदिनुहुन अनुरोध गर्दछु ।

\- निवेदक
नाम
हस्ताक्षर
ठेगाना

आज्ञाले,

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत